आज मिति २०७६/१०/२० गते दिउँसो २:३० बजे बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री लिल बहादुर राउत क्षेत्री | नि. प्रमुख प्र. अधिकृत | बुद्धभूमि न.पा. | |

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| २२ | श्री राजन कुमार पोखरेल | प्रशासन शाखा प्रमुख | बुद्धभूमी न.पा. | |
| २३ | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## मिति: २०७६।१०।२० गतेको बुद्धभूमी नगरकार्यपालिका बैठकको निर्णयहरु :

**प्रस्ताव नं. १ : बुद्धभूमि नगरपालिका वडा नं. ४ बस्ने नरहरि भट्टराईले सम्मानित उच्च अदालत तुल्सीपुर, बुटवल इजललासमा यस नगरपालिका बुडढी कपिलवस्तु समेत उपर दिनु भएको उत्प्रेषण मिश्रित निषेधाज्ञा परमादेशको रिट (०७६-WO-००९३) को प्रतिउत्तर दिने अधिकारी तोक्ने सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिका वडा नं. ४ बस्ने नरहरि भट्टराईले सम्मानित उच्च अदालत तुल्सीपुर, बुटवल इजललासमा यस नगरपालिका बुडढी कपिलवस्तु समेत उपर दिनु भएको उत्प्रेषण मिश्रित निषेधाज्ञा परमादेशको रिट (०७६-WO-००९३) यस नगरपालिकामा त्यसको म्याद मिति २०७६।१०।१७ मा प्राप्त भै बुद्धभूमि नगरपालिका नगर कार्यपालिका, बुद्धभूमि नगर सभा, प्रमुख प्रशासकीय अधिकृत, नगर शिक्षा समिति एवं शिक्षा प्रमुख (१ नं. देखि ५ नं.) को तर्फबाट यस नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख श्री लिल बहादुर राउत क्षेत्रीले लिखित जवाफ दिने निर्णय गरियो। निजले वारेस समेत नियुक्त गर्न सक्नु हुनेछ र सो रिटमा कानूनी सल्लाहकार श्री हुम बहादुर कुवँर समेत २ जना अतिरिक्त वरिष्ठ अधिवक्ताहरू पनि सो रिट सम्मलाई नियुक्त गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २ :** विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी निर्देशिका, २०७६ सम्बन्धमा।

**निर्णय :** यस बुद्धभूमि नगरपालिकाको शिक्षा ऐन, २०७६ को परिच्छेद २ को दफा १३ को उपदफा (१) मा सामुदायिक विद्यालय सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि विद्यालय व्यवस्थापन समितिको गठन, काम कर्तव्य र अधिकारको व्यवस्था भए बमोजिम हाल नगरपालिकाका अधिकांश विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिका म्याद समाप्त भै रिक्त रहेको हुँदा तत्काल विद्यालयको काम कारवाहीमा बाधा उत्पन्न भएकोले विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी निर्देशिका, २०७६ लागू गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ :** वरिष्ठ अधिवक्ताहरूको पारिश्रमिक सम्बन्धमा।

**निर्णय :** बुद्धभूमि नगरपालिका नगर कार्यपालिका लगायत ५ जना समेत उपर विरूद्ध बुद्धभूमि नगरपालिका वडा नं. ४ बस्ने नरहरि भट्टराईले सम्मानित उच्च अदालत तुल्सीपुर, बुटवल इजललासमा दिनु भएको उत्प्रेषण मिश्रित निषेधाज्ञा परमादेशको रिट (०७६-WO-००९३) को प्रतिउत्तर तथा बहसका लागि २ जना अतिरिक्त वरिष्ठ अधिवक्ताहरू समेतको आवश्यक रहेको हुँदा निजहरूको नियमानुसार दिनुपर्ने पारिश्रमिक यस बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट भुक्तानी दिने निर्णय गरियो।

२०७६।१०।२०

**प्रस्ताव नं. ४ : ताल ठेक्का व्यवस्थापनको शर्त सम्बन्धमा।**

**निर्णय :** यस बुद्धभूमि नगरपालिका भित्रका ताल ठेक्का व्यवस्थापन गर्दा तपशिल बमोजिमका बुदाँहरु शर्तमा समेटिने गरी ताल ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो।

**तपसिलः**

१. बोलपत्र पेश गर्दा आफुले कबोल गरेको कुल रकमको ५% धरौटी बुझाएको सक्कल प्रमाण संलग्न गर्नु पर्ने छ। यस्तो धरौटी बिड सेक्युरेटीको हकमा बोलपत्र मान्य अवधि कम्तीमा १२० दिनको हुनु पर्नेछ।

२. म्याद भित्र दाखिला हुन आएका बोलपत्रहरु बोलपत्रदाता प्रतिनिधि को रोहवरमा खोलिने छ। बोलपत्र दाताहरुको प्रतिनिधि उपस्थित नभएमा खोल्न बाधा पर्ने छैन।

३. रितपुर्वक पेश भएका सबै भन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताले कबुल गरेको रकम र सो मा लाग्ने कर समेत दाखिला गर्न ७ दिनको म्याद दिईएको सुचना प्रकाशित गरिने छ। सोही सुचनाको आधारमा सम्झौताको लागी ७ दिन भित्रै कार्यालय समयमा सम्झौताको लागि निवेदन पेश गर्नु पर्नेछ।

४. तोकिएको समयमा रकम दाखिला गरी सम्झौता गर्न नआएमा धरौटी रकम समेत जफत गरी तालको ठेक्का दोस्रो ठुलो अंक कवोल गर्नेलाई दिने वा ठेक्का रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा रहने छ।

५. रु. ५ लाख भन्दा बढीको ठेक्का अंक कबोल गर्नको लागी मु.अ.करमा दर्ता भएको प्रमाण पेश गर्नु पर्नेछ।

६. ताल ठेक्का सम्झौता नभएसम्म बोलपत्र पेशगर्ने र अन्य बोलपत्रदाताले धरौटी रकम फिर्ता लिन सक्ने छैन। साथै तालको ठेक्का व्यवस्थापन सम्झौता प्रचालित कानुन अनुसार हुनेछ।

७. तालको ठेक्काको अवधि ७ (सात) बर्षको हुनेछ।

८. ठेक्का सदर भए पश्चात ठेक्का बिक्री गर्न पाईने छैन।

९. समयमा किस्ता नबुझाएमा ठेक्का बदर र धरौटी रकम जफत गरि ठेक्का रद्ध समेत गर्न सकिने छ।

१०. सिचाईको लागि आवश्यक परेको बखत माछालाई असर नपर्ने गरी पानी दिनु पर्नेछ।

११. तालको अवस्था ठेक्का लिदा र छोड्दा दुरुस्त हुनु पर्नेछ।

१२. तालको ठेक्का सम्झौता भई सके पाछि ताल मर्मत सम्भार ठेकेदार आफैले गर्नु पर्नेछ।

१३. सम्झौता र पट्टा कबुलियतको कुनै शर्त बिपरित काम गरेमा बिचैमा ठेक्का तोड्न सक्नेछ।

१४. ठेक्का कबोल अंकको २५% पहिलो बर्षको पहिलो किस्ता भुक्तानी गरी ठेक्का सम्झौता हुनेछ।

१५. तालको ठेक्कको बाकी रकम ठेक्काको बाकी अवधिमा दामासाहीले हुनेछ।

१६. प्रत्येक बर्षको किस्ता रकमको बैंक ग्यारण्टी राख्नु पर्नेछ।

१७. प्रत्येक किस्ता रकम समयमा नै भुक्तानी गरी सक्नु पर्नेछ अन्यथा बैंक ग्यारण्टी बाट असुल उपर गरी तालको ठेक्का बदर गरिनेछ।

१८. सुख्खा तथा बर्षातको कारणले हुन जाने हानी नोक्सानी भएमा कार्यालय जिम्मेवार हुने छैन र किस्ता रकम मिनाहा दिईने छैन।

१९. संरचना निर्माण गर्नु पर्दा कार्यालयसंग स्वीकृत लिई निर्माण गर्नु पर्नेछ।

**प्रस्ताव नं. ५ : ताल ठेक्का सूचना सम्बन्धमा।**

**निर्णय :** यस बुद्धभूमि नगरपालिकाको वडा नं. ४ मा रहेको देउरी र गेल्वार तालको ठेक्का व्यवस्थापन गर्नको लागि ३० दिनको सूचना म्याद राखी सूचना प्रकाशन गर्ने निर्णय गरियो।

नि. प्रमुख प्रशासकिय अधिकृत

२०७५।१०।२०
नगर प्रमुख

२०७३

प्रस्ताव नं. ६ : विविध सम्बन्धमा ।

| क्र.स. | विवरण | सहयोग शिर्षक | सहयोग रकम |
|---|---|---|---|
| १ | बुद्धभूमि नगरपालिका वडा नं. १ को कार्यालयबाट सिफारिस भै आए बमोजिम उक्त वडा नं. १ भेलाई निवासी गोकर्ण थारूको र निजको पत्नी समेतको निधन भएकोले ती दम्पत्तिबाट जायजन्म भएका सन्तानहरू २ छोरा र १ छोरीको पालन पोषण र जीवन निर्वाहको लागि आर्थिक सहयोग स्वरूप रू. ७,०००।०० (सात हजार) मात्र कार्यपालिका सदस्य श्री कमला चौधरीको नाममा रकम उपलब्ध गराउने निर्णय गरियो । | आर्थिक सहयोग | ७,०००।- |
| २ | बुद्धभूमि नगरपालिका वडा नं. १ को कार्यालयबाट सिफारिस भै आए बमोजिम उक्त वडा नं. १ बीरपुर निवासी सोप बहादुर मगरको घरमा अचानक विद्युत सर्टभई आगलागी भएको हुँदा घरको सम्पूर्ण सामाग्री जलेर नष्ट भएकोले विपद् व्यवस्थापन शिर्षकबाट रू. १५,०००।- दिने निर्णय गरियो । | विपद् व्यवस्थापन शीर्षकबाट | १५,०००।- |
| ३ | बुद्धभूमि नगरपालिका वडा नं. १ को कार्यालयबाट सिफारिस भै आए बमोजिम उक्त वडा नं, १ भेलाई निवासी चन्द्र प्रसाद शर्माको गोठमा अचानक आगलागी भएको हुँदा गोठमा रहेको १ भैंसी, पाडी, पराल र टौवा जलेर नष्ट भएकोले विपद् व्यवस्थापन शिर्षकबाट रू. १०,०००।- दिने निर्णय गरियो । | विपद् व्यवस्थापन शीर्षकबाट | १०,०००।- |

नि. प्रमुख प्रशासकिय अधिकृत

२०७६।१०।२०
केशव कुमार श्रेष्ठ
नगर प्रमुख